बधाई छ!

तपाईंको शिक्षकले तपाईंलाई पढाई च्याम्पियन हुनको निम्ति छनौट गर्नुभएको छ!
यसर्थ, तपाईंको विद्यालयमा पढाई समूहहरू सञ्चालनमा तपाईंका शिक्षकहरूलाई सहयोग गर्नको निम्ति तपाईंलाई विशेष रूपमा छानिएको छ ।

सत्रहरू सञ्चालन गर्न तथा पढ्न र पुस्तकहरूको बारेमा सिक्ने कुरामा अरूलाई हौसला दिने काममा तपाईं सफल हुनुहुनेछ भन्ने तपाईंका शिक्षकहरूलाई लागेको हुनाले नै उहाँहरूले तपाईंलाई छान्नु भएको हो ।

यो एउटा ठूलो जिम्मेवारी हो, तर यो रमाइलो पनि छ!

तपाईंका कामहरू:

- ☐ तपाईंको समूहको भेट कहिले र कहाँ हुन्छ भन्ने कुराको निश्चित गर्ने ।
- ☐ हरेक सत्रमा हुने पढाइ र क्रियाकलापहरूको अगुवाइ गर्ने ।
- ☐ समूहका प्रत्येक सदस्यहरूलाई भाग लिन उत्साह दिने ।
- ☐ कुनै समस्याहरू आइपरेमा तपाईंको शिक्षकलाई रिपोर्ट गर्ने ।
- ☐ सफलताहरूको बारेमा तपाईंको शिक्षकलाई रिपोर्ट गर्ने ।

यो काम सुरु गर्न तपाईंले जान्नुपर्ने सबै कुराहरू यस सामाग्रीले तपाईंलाई बताउँछ ।

विषयसूचि

यो यस सामाग्रीमा समावेश गरिएका कुराहरूको सूचि हो, जसले तपाईंलाई जानकारीहरू चाँडो पत्ता लगाउन मदत गर्छ ।

पाना नं.

| | |
|---|---|
| २ | समूह निर्माण |
| ३ | पुस्तकालयमा गर्ने व्यवहार |
| ४ | पुस्तकका आवरण (बाहिरी खोलहरू) |
| ५ | छलफलको अगुवाइ |
| ६ | पढाइसम्बन्धी खेलहरू |

इलेक्ट्रा मिडिया र स्तम्भ नेपालको तर्फबाट सबैलाई शुभ कामना!
हामीलाई आशा छ कि तपाईंले हाम्रा केही क्रियाकलापहरू र सल्लाहहरू प्रयोग गर्नुहुनेछ ।

यदि तपाईंसँग क्रियाकलापहरूको निम्ति कुनै नयाँ विचारहरू छन् भने हामीलाई थाहा दिनुहोस्, ताकि ती विचारहरू हामी अन्य विद्यालयहरूसँग बाँडचुड गर्न सकौं ।

हामीलाई यसमा सम्पर्क गर्न सक्छौः info@library-nepal.com

## समूह निर्माण

तपाईं तपाईंको समूहको अगुवा हुनुहुन्छ र सबैलाई समेट्ने जिम्मा पनि तपाईंकै हो। पहिलो सत्रमा तपाईंको समूहलाई सँगै काम गर्नलाई कसरी उत्साह दिने भन्ने बारे केही सल्लाहहरू तल दिइएका छन्।

### १. समूहको नाम राख्ने

तपाईंको समूहको नाम राख्ने कुराको छलफल गर्न र त्यससम्बन्धी विचारहरू आदानप्रदान गर्नको निम्ति सबैलाई सामेल गराउनुहोस्। नामले तपाईंको समूहलाई विशेष बनाउँछ र नाम राख्ने काम रमाइलो पनि हुन्छ! तपाईंको समूहका **सबैलाई** र तपाईंको समूहले गर्न खोजेको कुरालाई समेट्ने किसिमको नाम छनौट गर्नुहोस्।

> सम्झौता पत्र एक वा दुई मानिसहरूको बीचमा भएको सहमति हो।

### २. अनुबद्ध पत्र (सम्झौता पत्र) तयार गर्ने

यो तपाईंको समूहका सबैले असल व्यवहार गरून् भन्ने कुराको निश्चय गर्ने असल तरिका हो ! निम्न कुराहरूको बारेमा छलफल र विचारहरू आदानप्रदान गर्दा सबैलाई समेट्नुहोस्:

- अध्ययन समूहबाट तिनीहरू के लाभ उठाउन चाहन्छन्।
- समूहका सदस्यहरूले कस्तो व्यवहार गर्नुपर्छ भन्ने तिनीहरू सोच्छन्।

तपाईंहरूको माझमा **तिनवटा** सबैभन्दा महत्त्वपूर्ण विचारहरूको निर्णय गर्नुहोस्। सक्नुहुन्छ भने तिनलाई लेख्नुहोस्। सबैजना सहमत छन् भन्ने कुरा जनाउनको निम्ति सबैलाई हस्ताक्षर गर्न लगाउन पनि सक्नुहुन्छ।

केही सम्भावित विचारहरू:

- सधैँ एकअर्काको कुरा सुन्ने
- हप्तामा एकपटक घरमा पढ्ने
- समयमा आइपुग्ने
- सहभागी हुने
- सकारात्मक हुने

### ३. भूमिकाहरू सृजना गर्ने

कहिलेकहिँ मानिसहरूलाई विशेष जिम्मेवारी दिँदा आफू राम्ररी सहभागी भएको महसुस गर्छन्। जिम्मेवारीहरू बाँड्ने कामले सबैलाई आफू महत्त्वपूर्ण छु भन्ने आभाष दिलाउँछ।

भूमिकाहरूको निम्ति केही विचारहरू:

- छोड्ने बेलामा पुस्तकालय सफा गर्ने
- सत्रको निम्ति आवश्यक पर्ने सामाग्रीहरू जम्मा गर्ने
- समूहले छलफल गरेको कुराको व्याख्या गर्ने
- आफूभन्दा साना विद्यार्थीहरूसँग पढ्ने

# पुस्तकालयमा गर्ने व्यवहार

पुस्तकालयहरू संसारभर नै छन् । केही पुस्तकालयहरू ठूला छन् जहाँ लाखौँ पुस्तकहरू छन् भने अरू धेरै साना छन् जहाँ केही विशेष पुस्तकहरू मात्र छन् ।

मानिसहरूले विभिन्न कारणले पुस्तकालयहरूको प्रयोग गर्छन् । तिनीहरू पुस्तकालयमा निम्न कारणले जान सक्छन्:

- पढ्ने पुस्तक सापटी लिन
- विशेष जानकारीको बारेमा अनुसन्धान गर्न
- कम्प्युटरहरूको प्रयोग गर्न
- शान्त ठाउँमा बसेर पढ्न
- पढ्ने समूहहरूसँग भेटघाट गर्न

पुस्तकहरूको वास्ता गरियोस् र पुस्तकालयलाई शान्त ठाउँको रूपमा राख्न सकियोस् भनेर धेरैजसो पुस्तकालयहरूमा कडा नियमहरू बनाइएका हुन्छन्:

- ठूलो स्वरले नबोल्ने र मूर्खतापूर्ण व्यवहार नगर्ने
- पुस्तकलाई साबिकको ठाउँमा राख्ने
- पुस्तकलाई सम्मानपूर्वक तरिकाले चलाउने

पहिलो सत्र सुरु गर्दा तपाईंको समूहलाई पुस्तकालयमा गरिने व्यवहारको बारेमा थाहा नहुन सक्छ । माथि दिइएका जानकारीहरू दिनुहोस् र तल दिएका क्रियाकलापहरू गर्नुहोस् ।



१. तपाईंको समूहलाई तलका प्रश्नहरू सोध्नुहोस् ।
- तपाईंको विचारमा पुस्तकालयहरूमा नियमहरू किन बनाइन्छन्?
- तपाईंको विचारमा हाम्रो पुस्तकालयका नियमहरू केके हुनुपर्छ?

२. तपाईंको पुस्तकालयको निम्ति सबैभन्दा महत्त्वपूर्ण तीन नियमहरूको निर्णय गर्नुहोस् ।




३. सक्नुहुन्छ भने पाना वा कालोपाटीको सिरानमा समूहको नाम लेख्नुहोस् र त्यसको मुनि तपाईंको पुस्तकालयका नियमहरू लेख्नुहोस् ।



यदि अनुमति छ भने तपाईंको पुस्तकालयका नियमहरूलाई सजाउन सक्नुहुन्छ । सबै सदस्यहरूको सहमति छ भन्ने कुरा दर्शाउनको निम्ति सबैलाई हस्ताक्षर गर्न लगाउन पनि सक्नुहुन्छ ।

# पुस्तकका आवरण (बाहिरी खोलहरू)

पुस्तकका विभिन्न भागहरूको बारेमा आत्मविश्वासका साथ कुरा गर्न सक्ने हुनको निम्ति तिनीहरूका विभिन्न भागको बारेमा तपाईंले थाहा पाउनुपर्छ ।




तपाईंको समूहलाई पुस्तकका विभिन्न भागहरूको बारेमा आत्मविश्वासी बनाउनको निम्ति तल दिएको क्रियाकलाप गर्न सक्नुहुन्छ ।



१. हरेक विद्यार्थीले पुस्तकलायको आलमारीबाट एउटा पुस्तक छान्नुपर्छ । त्यसपछि पुस्तकको बाहिरी खोल (आवरण)का विभिन्न भागहरू पालैपालो पहिचान गर्नुपर्छ । प्रकाशकले पुस्तकको बारेमा लेखेको कुरालाई स्वर निकालेर पढ्नुहोस् ।



२. एउटा काल्पनिक पुस्तकको निम्ति बाहिरी खोलको डिजाइन गर्नुहोस् । तपाईंले जानेको कथाको आधारमा यो बनाउन सक्नुहुन्छ अथवा आफ्नै कथा बनाउन पनि सक्नुहुन्छ । प्रेरणाको लागि तलका शीर्षकहरू हेर्नुहोस्:
- मेरो जीवन
- छक्क पार्ने घटना
- गोप्य कुरा



वैकल्पिक तरिका, आफ्नो विचारको बारेमा छलफल गरेर तपाईं भए पुस्तकको बाहिरी खोलको डिजाइन कसरी गर्नु हुन्थ्यो भनेर वर्णन गर्न सक्नुहुन्छ ।

# छलफलको अगुवाइ

धेरै क्रियाकलाप पृष्ठहरूमा छलफलका प्रश्नहरू समावेश गरिएका छन् । सबैले यी क्रियाकलापहरूमा भाग लिन सकून् भन्ने कुराको निश्चय गर्ने काम तपाईंको हो । केही समूहहरू कुरा गर्ने र केही चुपचाप बस्ने हुनसक्छन् । यी दुबै अवस्थामा तपाईंले तल दिइएका तरिकाहरू अपनाएर छलफललाई सजिलै अगाडि बढाउन सक्नुहुन्छ ।

## १. खुला प्रश्नहरू

'हो' वा 'होइन' भन्ने जवाफ दिन मिल्ने प्रश्नहरूलाई बन्द प्रश्नहरू भनिन्छ । छलफलमा यस्ता किसिमका प्रश्नहरूले राम्ररी काम गर्दैनन् । तपाईंले खुला प्रश्नहरू सोध्नुभयो भने मानिसहरूले धेरै कुरा गर्छन् किनकि त्यस्ता प्रश्नहरूको उत्तर दिँदा व्याख्या पनि गर्नुपर्ने हुन्छ । खुला प्रश्न सोध्नको निम्ति तपाईंका प्रश्नहरू तल दिइएका शब्दहरूबाट सुरु गर्न सक्नुहुन्छ:

- के...
- कसरी...
- किन...
- वर्णन गर्नुहोस्...
- व्याख्या गर्नुहोस्...
- यदि...

## २. छलफलहरूको व्यवस्थापन गर्ने

कहिलेकहिँ मानिसहरू एकसाथ बोल्छन् । यदि तपाईंको समूहमा यस्तो हुन्छ भने, तल दिइएका तरिकाहरूको प्रयोग गरेर सबैजनाको कुरा सबैले सुन्ने वातावरण बनाउन सकिन्छ ।

- **नाम प्रयोग गर्ने**
  कुनै व्यक्तिको नाम प्रयोग गर्दा त्यस व्यक्तिले मात्रै जवाफ दिनुपर्छ भन्ने देखाउँछ । यसले जोसुकैले जवाफ दिने समस्यालाई रोक्छ ।

- **पालो कुर्ने**
  समूहमा पालोपालो बोल्ने तरिका अपनाउने यसो गर्दा सबैले बोल्ने पालो पाउँछन् । गोलो घेरामा बसेको बेला यसले राम्ररी काम गर्छ ।

- **दुईजना वा सानो समूहमा कुरा गर्ने**
  कुनै प्रश्नमाथि दुईजना वा सानो समूहमा छलफल गर्ने र त्यसपछि त्यस छलफलको सारांश भन्नको निम्ति एकजनाको छनौट गर्ने ।

- **बोल्ने समय तोक्ने**
  छलफलको समय तोक्ने हो भने अरू क्रियाकलापको निम्ति समय बाँकि रहन्छ । छलफलको निम्ति ५ मिनेटको समय प्रयाप्त हुन्छ ।

## ३. संवेदनशील हुने

सबैजनाले समूहको अगाडि बोल्न सजिलो मान्दैनन् । यदि कसैले अप्ठ्यारो महसुस गरिरहेको छ भने उसलाई बोल्नको निम्ति कर लगाउनु हुँदैन र सबैलाई भाग लिएको निम्ति धन्यबाद दिनुपर्छ । मानिसहरूले आफूलाई महत्त्वपूर्ण ठानिएको महसुस गरे भने तिनीहरू छलफलमा भाग लिन खोज्छन् ।

कहिलेकहिँ छलफल गर्दा एकअर्कामा असहमत हुने कुरा पनि आउँछ । यस्तो अवस्थामा सबैले आफ्नो धारणा राख्न पाउँछन् भन्ने कुरा स्पष्ट पार्नुपर्छ र सबैजनाले एकअर्कालाई सम्मान गर्ने कुराको निश्चय गर्नुपर्छ । यदि कुनै समस्या आएमा तत्कालै शिक्षकहरूलाई बताउनुपर्छ ।

## पढाइसम्बन्धी खेलहरू

तल दिइएका क्रियाकलापहरू कुनै पनि समयमा पुरा गर्न सकिन्छ । सबै जनाले ध्यान दिऊन् र सकारात्मक अनुभव गरून् भनेर रमाइलोको लागि सत्रको सुरु वा अन्तमा कुनै एउटा क्रियाकलापको प्रयोग गर्न सकिन्छ । असल आचरणको इनामको रूपमा पनि यिनीहरूको प्रयोग गर्न सकिन्छ ।

### १. गोलो घेरामा कथा

पुस्तकालयबाट एउटा पुस्तक छान्ने र गोलो घेरामा बस्ने ।
कथाको पहिलो वाक्य ठूलो स्वरमा पढ्ने । पुस्तक बन्द गर्ने ।
पालैपालो कथाको अर्को वाक्य बनाउने ।
समय तोक्ने वा कथाको स्वभाविक अन्त नभएसम्म निरन्तरता दिने ।

यो क्रियाकलापलाई अझ कठिन बनाउनको निम्ति एकपटकमा एउटा शब्दमात्र भन्ने पनि गराउन सकिन्छ ।

### २. नबोली नक्कल गर्ने

समूहमा भएका सबैलाई आँखा बन्द गर्न लगाउने ।
पुस्तकालयबाट एउटा पुस्तक छान्ने र पुस्तकको शीर्षक सम्झने ।
पुस्तकलाई साबिकको ठाउँमा राख्ने ।
सबैलाई आँखा खोल्न लगाउने ।
नबोलिकन पुस्तकको शीर्षकको नक्कल गर्ने र समूहलाई तपाईंले छानेको पुस्तक अनुमान गर्न दिने ।
सही अनुमान लगाउने व्यक्तिलाई नक्कल गर्ने मौका दिने ।

### ३. भविष्यको अनुमान लगाउने

पुस्तक राख्ने आलमारीबाट एउटा कथाको पुस्तक छान्ने र गोलो घेरामा बस्ने ।
पुस्तकको पहिलो पाना ठूलो स्वरमा पढ्ने ।
समूहलाई सोध्नेः 'यसपछि के हुन्छ?' र 'तपाईंलाई किन त्यस्तो लाग्छ?'
आफ्ना विचारहरू बाँड्ने ।
अर्को व्यक्तिलाई दोस्रो पाना पढ्न दिने ।
तपाईंले गरेका अनुमाहरू ठिक थिए?

### ४. २० प्रश्नहरू

तपाईंको समूहले पहिले नै जानेको पुस्तकबाट एउटा पात्र सोच्ने ।
यो पात्र कुनै प्रख्यात पात्र हुनसक्छ वा सबैजनाले सँगै बसेर पढेको पात्र पनि हुनसक्छ ।
त्यसपछि आफैलाई त्यो पात्रको रूपमा कल्पना गर्ने ।
समूहका अन्य व्यक्तिहरूले तपाईं कुन पात्र हुनुभएको छ भन्ने कुरा पत्ता लगाउनको निम्ति पालैपालो प्रश्न सोध्न सक्छन् ।

नियमहरूः

- विद्यार्थीहरूले 'हो' वा 'होइन' उत्तर आउने प्रश्नमात्र सोध्न सक्छन् ।
- विद्यार्थीहरूले जम्मा २० प्रश्नहरू मात्र सोध्न सक्छन् ।
- हरेकले आफ्नो पालोमा तपाईं को हौ भन्ने कुरा मात्र अनुमान गर्न सक्नेछन् ।
- यदि कसैले गलत अनुमान लगायो भने, उसले आफ्नो पालो गुमाउँछ र कसैले सही जवाफ दियो भने समूहले जित्छ, नत्र तपाईंले जित्नुहुन्छ ।